USAID FROM THE AMERICAN PEOPLE

# तल्लो महाकाली जलाधार

तल्लो महाकाली जलाधार नेपालको दक्षिण–पश्चिममा अवस्थित कञ्चनपुर जिल्लामा पर्दछ । यस जलाधारको पश्चिम र दक्षिणमा भारतीय सीमाना पर्दछ । तल्लो महाकाली जलाधारको विशाल हिस्सा तराईमा पर्दछ जुन विशेषगरी समथर र थेग्रीएको माटो सहितको समथर भौगोलिक बनावटको छ जसको थोरै उत्तरी भागमा चुरिया र सिवालिक पहाडी क्षेत्रमा पर्दछ । तल्लो महाकाली नदी विभिन्न साना नदीका धारहरूले बनेको नदी हो । स्थानीय चरा–चराचुरुङ्गी र लोपोन्मुख शहर माछाका प्रजातिहरूलाई संरक्षण दिएका कारण यस जलाधारलाई जैविक विविधताको मुख्य केन्द्र भनी पहिचान गरिएको छ । जलाधारका स्थानीय माझीहरूका अनुसार अव्यवस्थित माछा पालन र खस्कँदो वासस्थानको कारणले गर्दा विगत २० वर्षदेखि माछाको संख्यामा कमी आएको छ ।

## संख्यामा तल्लो महाकाली

| | |
|---|---|
| नदी | तल्लो कर्णाली |
| प्रदेश | प्रदेश ७ |
| जम्मा निकासको क्षेत्रफल | ३११ कि.मि.२ |
| सहायक नदीहरू | १६ |
| मुख्य नदीहरू | कामिकाटे, गहटाडी, जोगबुढा, मलरिया भुनिखोला, बंगाउखोला, बांगेखोला, भिंग्रीगाड, भुमेथाला खोला, चौधर नदी, गन्ध खोला, मछेत्रीखोला । |
| ताल र सिम्सारहरू | २१ प्राकृतिक तालहरू, जसमा रानी ताल (१० हेक्टर) - जुन वातावरणीय हिसाबले एकदम महत्वपूर्ण छन् । |
| प्रयोग भएको जमिन | खेतीयोग्य जमिन (३५ प्रतिशत), वन(जङ्गल (२९ प्रतिशत), झाडी र घाँसे मैदान (२४ प्रतिशत ), नदि, धार र पोखरीहरू (१२ प्रतिशत) |
| नगरपालिकाहरू | भीमदत्त, महाकाली । |
| जनसंख्या | ८३,५८० (४८ प्रतिशत पुरुष, ५२ प्रतिशत महिला) |
| जातीय समूहहरू | ब्राह्मण, क्षेत्री र ठकुरी (५३.२ प्रतिशत ), जनजाति (१५.२ प्रतिशत), दलित (२६.३८ प्रतिशत), नेवार (०.५ प्रतिशत), अन्य (४.८ प्रतिशत) |

### तल्लो महाकाली जलाधार क्षेत्रका वातावरणीय सवालहरु




पानी परियोजनाले सहयोग गरेको बहु–सरोकार संलग्न कार्यशालामा सहभागी भएका जलाधारका सरोकारवालाहरूले पहिचान गरेका वातावरणीय सवालहरू यस नक्शामा राखिएका छन् । यस्ता सवालहरू र समस्याहरू व्याप्त रहेको क्षेत्रहरूको पहिचान गरेर स्वच्छ पानी, सुदृढ जैविक विविधता तथा प्राकृतिक स्रोतको दिगो प्रयोगको सुनिश्चितताका लागि स्थानीय सरकार तथा निर्वाचन क्षेत्रहरूले यी जानकारीको प्रयोग गर्दै अल्प तथा दीर्घकालीन योजनाहरूको तर्जुमा गर्नेछन् भन्ने विश्वास लिइएको छ ।

### तल्लो महाकाली जलाधारको जलिय जैविक विविधतामा देखिएका जोखिमहरु




यस जलीय जैविक विविधता नक्सा विभिन्न सरोकारवालाहरूको सहयोगमा विकास गरिएको हो । यी सरोकारवालाहरूले जलचरको वासास्थान तथा जैविक विविधतासँग सम्बन्धित स्थानहरूको पहिचान गर्न तथा स्थानविशेषका आधारमा चुनौतीहरू पहिचान गर्न सहयोग गरेका थिए । सन्दर्भ नक्साको सिर्जना गर्न जिआइएस तथा स्थलगत अध्ययनबाट आएका तथ्याङ्कलाई समायोजन गरिएको यस्तो प्रकारको नक्साले जलिय जैविक विविधता संरक्षण गर्नका लागि प्रभावकारी रणनीतिको तर्जुमा गर्न सहयोग पुग्नेछ ।

# तल्लो महाकाली जलाधार

## जलधारको संक्षिप्त पार्श्वचित्र

**सामुदायिक परिकल्पना:**

२०३० सम्म सबै जीव-जन्तुहरूलई स्वच्छ र सुरक्षित पानीको सहज पहुँचको सुनिश्चितता सहित लागि उत्थानशील, स्वस्थ र दिगो तल्लो महाकाली जलाधार ।

## तल्लो महाकाली जलाधारको स्वास्थ्य सूचकहरुको - सारसंक्षेप

यस जलाधार स्वास्थ्य विवरणले बहु–सरोकारवालाहरूसँग गरिएको परामर्श प्रक्रियाबाट छनौट गरिएका पूर्व परिभाषित सूचकहरूका आधारमा जलाधारको अवस्थालाई मापनलाई गरिएको देखाउँछ । यी सूचकहरूले तल्लो महाकालीको हालको स्वास्थ्य स्थितिलाई समेत दर्शाउँछ । जलाधारले भोगिरहेका जोखिम तथा चुनौती र प्राप्त अवसरलाई प्रस्तुत गर्न रङ्गको कोडको प्रयोग गरिएको छ ।

जलाधारको स्वास्थ्य अवस्थाहरु: राम्रो (हरियो) | ठिकै (पहेँलो) | नराम्रो (रातो)

| सूचक | राम्रो | ठिकै | नराम्रो |
|---|---|---|---|
| सुशासन एवं समानता | श्रोतसाधन व्यवस्थापन समुहमा सकृयता | समावेशी सहभागिता; नीतिगत प्रावधानको पालना; स्थानीय निकायहरुबीच समन्वय; लाभको बाँडफांडमा समतामूलक पहुँच; लाभ बाँडफांडका मुद्दाहरुमा समन्वय | |
| पूर्वाधार र प्रायोगिक भू-सम्पदाहरूको दिगोपना | | जलविद्युत; ग्रामीण सडक | सिंचाई; गिट्टी बालुवा उत्खानन |
| जलवायु उत्थानशीलता तथा प्रकोप जोखिम न्यूनिकरण | | घरधुरी स्तरका प्रयास; समुदाय स्तरिय अनुकुलन प्रतिकाय; मौसम सृजित जोखिम; पुर्व सूचना प्रणालीमा पहुँच | |
| जैविक विविधता र वासस्थान | मिचाहा प्रजाती | घरेलु सरसफाइ; भू उपयोग; प्रजाति विविधता | माछा मार्ने अभ्यास; फोहोर व्यवस्थापन |
| पानी | पानीको गुणस्तर | पानीको उपलब्धता; पानीमा पहुँच | |
| दिगो कृषिक्षेत्र | कृषि उत्पादकत्व | जलवायु तथा भौगोलिकता; माटो व्यवस्थापन | |

River Basin: Mahakali | Watershed Code: 248

## तल्लो महाकाली जलाधारको स्थलगत नक्सा




| समस्या | कार्य/सुझाव |
|---|---|
| अन्तरदेशीय जलस्रोत व्यवस्थापन | • अन्तरदेशीय सीमानाको समन्वय समितिको क्षमता बढाउने, र<br>• बाँध व्यवस्थापनसँग सम्पर्क प्रणालीको स्थापना गर्ने । |
| डुबान, नदी कटान र भूक्षय | • भिरालो जमीन र नदी किनारमा जैविक–इन्जिनियरिङ र वृक्षारोपण जस्ता न्यून लगानीमा स्थिरिकरणका विधिहरूको तालिम र सहयोग गर्ने,<br>• भूक्षय रोक्न र माथिल्लो धारको खेतीयोग्य जमिनलाई बचाउन उच्च बहाव भएको पानीलाई नियन्त्रण गर्न सहयोग गर्ने,<br>• पूर्व सुचना प्रणालीको सुदृढीकरण गर्ने,<br>• धारा र शौचालयको निर्माण गर्ने,<br>• जलाधार उचित व्यवस्थापनको लागि विभिन्न व्यवहार परिवर्तनसम्बन्धी जानकारीमूलक शैक्षिक सामग्रीहरूको उत्पादन र रेडियो कार्यक्रमहरू सञ्चालन गर्ने,<br>• प्रकोप न्यूनीकरण व्यवस्थापनको योजनाहरूको कार्यान्वयनमा सुधार गर्ने, र<br>• बाढी आउनसक्ने र अन्य जोखिमयुक्त स्थानमा भएका पूर्वाधारहरूलाई उठाउने वा अन्यत्र सार्ने । |
| नदीको सतहको उत्खनन् | • नियमन गरिने ढुगां, गिटि उत्खनन लाई प्रोत्साहन गर्ने,<br>• प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कनका प्रावधानहरूको कडा कार्यान्वनको प्रवर्द्धन गर्ने, र<br>• जलाधारसँग सम्बन्धित विद्यमान नियम–कानूनहरूलाई कार्यान्वयनको प्रवर्द्धन गर्ने । |
| माछाको संख्यामा कमी र दिगो नहुने माछा मार्ने अभ्यासहरु | • माछाको संख्याको बारेमा छलफल गर्न माझीहरूको समूह बनाउने,<br>• माछा मार्नको लागि निर्देशिकाको तर्जुमा गरी कार्यान्वयन गर्ने,<br>• सरकारी निकायहरूबीच सम्पर्कको सञ्जाल स्थापित गर्न प्रादेशिक सरकारसँग छलफल गर्ने,<br>• माछा मार्ने अभ्यासहरूको अध्ययन र अनुसन्धान गर्ने,<br>• माछामैत्री पर्यापर्यटनको प्रवर्द्धन गर्ने, र<br>• विनाशकारी माछा मार्ने प्रवृत्तिविरुद्ध समुदायमा आधारित चोरी शिकारी प्रतिरोधि समूहको परिचालन गर्ने । |








**कार्यदिशा**

तल्लो महाकाली जलाधारको भावी कार्यदिशाको सन्दर्भमा, स्थानीय जनप्रतिनिधि, सरकारी अधिकारीदेखि स्थानीय व्यवसायी लगायत स्थानीय वासिन्दाले यी सुझावहरूको तर्जुमा गरेका हुन, जसले विभिन्न दृष्टिकोणको प्रतिनिधित्व गर्दछ । त्यस अर्थमा, यी कार्य तथा प्रतिवद्धताले तल्लो महाकाली जलाधारको वातावरणीय विषयहरूलाई सम्बोधन गर्ने प्रयत्न गरेको छ जसले जलाधारमा अवस्थित सबै समूहहरूका लागि समाधान उन्मुख र सुधारउन्मुख उपायहरू प्रदान गर्ने छ ।

**युएसएड पानी परियोजना**